# दूरसञ्चारका पूर्वाधार सहप्रयोग सम्बन्धी निर्देशिका, २०७२

**प्रस्तावनाः** दूरसञ्चार पूर्वाधारमा भइरहेको अनावश्यक दोहोरो लगानीलाई न्यून गरी दूरसञ्चार सेवा सस्तो बनाउन, दूरसञ्चार पूर्वाधार छिटो छरितो रुपमा विस्तार गरी सेवा सर्वसुलभ बनाउन र वातावरणीय संरक्षण र सौन्दर्यका लागि दूरसञ्चारका पूर्वाधारको निर्माण तथा प्रयोगलाई व्यवस्थित गर्न दूरसञ्चार पूर्वाधारको सहप्रयोग सम्बन्धी व्यवस्था लागू गर्न वाञ्छनीय भएकोले,

दूरसञ्चार पूर्वाधार निर्माण तथा सहप्रयोग सम्बन्धी आदेश, २०६९ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी दूरसञ्चार पूर्वाधार प्रवर्द्धन समितिले यो निर्देशिका बनाएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "दूरसञ्चार पूर्वाधार सहप्रयोग सम्बन्धी निर्देशिका, २०७२" रहेको छ ।

(२) यो निर्देशिका सम्वत् २०७३ साल बैशाख १ गतेदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आदेश" भन्नाले "दूरसञ्चार पूर्वाधार निर्माण तथा सहप्रयोग सम्बन्धी आदेश, २०६९" संभ्मनु पर्छ ।

(ख) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले आदेशको दफा बमोजिम गठित दूरसञ्चार पूर्वाधार प्रबर्द्धन समिति सम्झनुपर्छ ।

(ङ) ''उपसमिति'' भन्नाले आदेशको दफा १३ बमोजिम अधिकार प्रत्यायोजित उपसमिति भन्ने सम्झनु पर्दछ ।

(च) "ठुला पूर्वाधार" भन्नाले दूरसञ्चार वा प्रसारणको क्षेत्रमा प्रयोग हुने सात मिटर भन्दा अग्ला टावर, अप्टिकल फाइबर र समितिले समय समयमा सार्वजनिक सूचना प्रकाशन गरी तोकेका दूरसञ्चार पूर्वाधार सम्झनु पर्दछ ।

(छ) "प्राधिकरण" भन्नाले नेपाल दूरसञ्चार प्राधिकरण सम्झनुपर्छ ।

(ज) "पूर्वाधार सहप्रयोग" भन्नाले दूरसञ्चार सेवामा प्रयोग हुने पूर्वाधार उपर स्वामित्व भएका अनुमतिपत्र प्राप्त व्यक्तिले लागतमा आधारित मूल्यमा भेदभावरहित शर्त तथा बन्देजका आधारमा त्यस्तो पूर्वाधार अन्य अनुमतिपत्र प्राप्त व्यक्तिलाई संयुक्त रूपमा प्रयोग गर्न दिने व्यवस्थालाई सम्झनुपर्छ ।

(झ) "प्यासिभ पूर्वाधार (Passive Infrastructure)" भन्नाले भौतिक स्थल, भवन, टावर/मास्ट, विटिएस सेल्टर, इलेक्ट्रिकल पावर सप्लाई , व्याट्री व्याकअप, जेनेरेटर, ग्राउण्डिङ्ग/अर्थिङ्ग, एयर कन्डिसनर, अग्निनिरोधक, डक्टस्, ट्रेन्च, राइट अफ वे (Right of Way) जस्ता

स्थलगत सिभिल इञ्जिनियरिङ्ग कार्य सहित अविद्युतीय पूर्वाधार (Non Electronics Infrastructure) तथा सुविधाहरु सम्झनु पर्दछ ।

(ञ) "ब्याकहल (Backhaul)" भन्नाले सिधै ग्राहकसँग सञ्चार नहुने र कुनै एक ठाउँवाट अर्को ठाउँमा अप्टिकल फाइवर, तार, केवल वा रेडियो माध्यमवाट दूरसञ्चार सूचना र डाटा संप्रेषण गर्ने प्रणाली सम्झनु पर्दछ । "सक्रिय पूर्वाधार (Active Infrastructure)" भन्नाले वेश ट्रान्स्मिटर स्टेशन (वटिएस), नोड वि, रेडियो स्पेक्ट्रम, एन्टेना, फिडर केवल, रेडियो एक्सेस नेटवर्क (आरएएन), माइक्रोवेभ रेडियो यन्त्र, विलिङ्ग प्लेटफर्म, स्वीचिङ्ग सेन्टर, राउटर, वेस स्टेशन कन्ट्रोलर (विएससी), रेडियो नेटवर्क कन्ट्रोलर (आरएनसी) जस्ता इलेक्ट्रोनिक्स पूर्वाधार र तत्सम्वन्धी सुविधा सम्झनु पदर्छ ।

(ट) "विशेष ठाउँ" भन्नाले सुरक्षा वा अन्य कारणले भौतिक निर्माणका काम गर्न नियन्त्रण गरिएको कारण दूरसञ्चार पूर्वाधार निर्माण गर्न कठीन हुने र पूर्वाधारको सहप्रयोग आवश्यक हुने भनी समितिले तोकेका पुरातात्विक स्थल वा प्राचीन स्मारक स्थल र यस्तै प्रकारका विशेष ठाउँ सम्झनुपर्छ ।

(ठ) "सेवा प्रदायक" भन्नाले ऐन अनुसार दूरसञ्चार सेवा सञ्चालनको अनुमतिपत्र प्राप्त गरेका वा राष्ट्रिय प्रशारण ऐन, २०४९ बमोजिम प्रशारण इजाजतपत्र प्राप्त गरेको सेवा प्रदायक वा दूरसञ्चार वा प्रशारण सेवामा प्रयोग हुन सक्ने पूर्वाधार निर्माण गर्न अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

३. **पूर्वाधार सञ्जाल तयार गर्ने**ः प्राधिकरणले देशभर वा कुनै भागमा उपलब्ध दूरसञ्चार पूर्वाधारको सञ्जाल (नेटवर्क) को विवरण संकलन गरी एउटै सञ्जालमा आबद्ध गराउन आवश्यक गुरुयोजना तयार गरी समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

४. **प्यासिभ पूर्वाधारको मात्र सहप्रयोग हुने**ः आदेश बमोजिम प्यासिभ पूर्वाधारको मात्र सहप्रयोग गर्न गराउन पाइनेछ ।

५. **पूर्वाधार सहप्रयोग गर्नुपर्नेः** (१) सेवा प्रदायकले "पहिले आउनेलाई पहिलो सेवाका" आधारमा बिना भेदभाव आफ्नो पूर्वाधार सहप्रयोगका लागि उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको पूर्वाधार सहप्रयोगकर्ताले ६ महिना भित्र प्रयोग गर्नुपर्नेछ । त्यसरी ६ महिनाभित्र प्रयोग गर्न नसकेमा पूर्वाधारको स्वामित्व भएको सेवा प्रदायकले उक्त पूर्वाधार सहप्रयोग सम्बन्धी सम्झौता एकतर्फी रुपमा भङ्ग गर्न सक्नेछ ।

(३) पूर्वाधारको स्वामित्व भएको सेवा प्रदायकले अन्य सेवा प्रदायकबाट प्राप्त सहप्रयोग सम्बन्धी अनुरोधलाई निषेध गर्ने वा कुनै किसिमले ढिलाई गर्ने गरी त्यस सम्बन्धी वार्ता, सम्झौता वा काम कारबाहीमा आलटाल गर्न पाउने छैन ।

(४) सेवा सञ्चालनका लागि अनुमति पाउने व्यक्तिलाई आफ्नो अनुमतिपत्रसँग सम्बन्धित क्षेत्र/स्थलभित्र मात्र दूरसञ्चारका पूर्वाधार सहप्रयोग गर्ने अनुमति दिइनेछ ।

६. **सहप्रयोग हुन सक्ने गरी पूर्वाधार निर्माण गर्नुपर्नेः** (१) यो निर्देशिका लागू भएपछि कुनै पनि सेवा प्रदायकले दूरसञ्चारका टावर निर्माण गर्दा कम्तिमा तीन सेवा प्रदायकहरुले सोको सहप्रयोग गर्न सक्ने गरी निर्माण गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक वा ब्यावसायिक वा अन्य उपयुक्त कारणले तीन सेवा प्रदायकको सहप्रयोग सम्भाव्य नहुने भएमा त्यस्तो ठाउँमा तीन भन्दा कम सेवा प्रदायकहरुका लागि पनि त्यस्ता प्यासिभ पूर्वाधार निर्माण गर्न स्वीकृति दिन सक्नेछ ।

(३) कुनै स्थानमा सहप्रयोग हुन सक्ने गरी कुनै सेवा प्रदायकले पहिले नै कुनै पूर्वाधार निर्माण गरी सकेको छ भने अन्य सेवा प्रदायकलाई सोही स्थानमा सोही प्रकारको पुर्वाधार निर्माणका लागि अनुमति दिइने छैन ।

(४) सह-प्रयोग हुन सक्ने गरी पूर्वाधार निर्माण भैसकेको स्थानमा सेवाग्राहीले बहु-सेवा प्रदायकबाट प्रतिस्पर्धात्मक तवरले दूरसञ्चार सेवा छनौट गर्नसक्ने गरी सेवा नपुर्याएका अनुमति प्राप्त सेवा प्रदायकलाई सेवा विस्तार गर्न प्राधिकरणले निर्देशन दिन सक्नेछ । प्राधिकरणको निर्देशन पालना गर्नु सम्बन्धित सेवा प्रदायकको कर्तव्य हुनेछ ।

(५) माथि जेसुकै लेखिएको भएता पनि यो निर्देशिका लागू हुनु पूर्व तयार भएका पूर्वाधार प्राविधिक दृष्टिकोणले सम्भव भए मात्र सहप्रयोग गर्न दिनुपर्नेछ ।

७. **उपलब्ध पूर्वाधारको विवरण सार्वजनिक गर्नुपर्नेः** (१) प्रत्येक सेवा प्रदायकले सहप्रयोगका लागि उपलब्ध पूर्वाधारहरुको विस्तृत जानकारी आफ्नो वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ । यस्तो विवरण मासिक रूपमा अद्यावधिक गर्नुपर्नेछ ।

(२) यो निर्देशिका लागू हुँदाका बखत दूरसञ्चार वा प्रशारण पूर्वाधार भएको सेवा प्रदायकले यो निर्देशिका लागू भएको तीन महिनाभित्र आफूसँग भएको पूर्वाधारको विवरण उपदफा (१) बमोजिम सार्वजनिक गर्नुपर्नेछ ।

८. **पूर्वाधार निर्माणको स्वीकृति सम्बन्धी व्यवस्थाः** (१) सेवा प्रदायकहरुले ठुला पूर्वाधार निर्माण गर्दा अनुसूची १ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(२) प्राधिकरणले आवश्यक ठानेमा निवेदकसँग थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको निवेदनसाथ संलग्न कागजात तथा विवरणको जाँचबुझ गरी प्राधिकरणले उप-समिति समक्ष प्रस्तावका रुपमा पेश गर्नेछ ।

(४) उपदफा ३ बमोजिमको प्रस्तावका सम्बन्धमा उप-समितिले ३० दिन भित्रमा निर्णय गर्नु पर्नेछ ।

(५) सामान्यतया दूरसञ्चार वा प्रशारण सेवा प्रदायकहरुले सहप्रयोग गर्न सक्ने गरी अप्टिकल फाइवर पहिले नै उपलब्ध रहेको स्थानमा थप अप्टिकल फाइवर नेटवर्क निर्माण गर्न अनुमति दिइनेछैन ।

(६) यस दफा बमोजिम पूर्वाधार निर्माणको स्वीकृति दिँदा उपसमितिले आवश्यक शर्त तोक्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित सेवा प्रदायकको कर्तव्य हुनेछ ।

(७) प्राविधिक दृटिले Seamless operation का लागि सेवा प्रदायकहरुले निर्माण गरिसकेको फाइवर नेटवर्क एक अर्कालै सहप्रयोग गर्न सक्ने गरी आफ्नो फाइवर केवल अन्य सेवा प्रदायकलाई उपलब्ध गराउनुपर्नेछ ।

(८) माथि जुनसुकै कुरा लेखिएको भएतापनि नेटवर्क विस्तारका लागि हाल कार्यान्वयन चरणमा रहेका आयोजनाको हकमा थप स्वीकृति लिनु पर्दैन ।

९. **आपसी सहमतिमा पूर्वाधारको सहप्रयोग गर्न सक्ने:** (१) कुनै दुई वा दुई भन्दा बढी दूरसञ्चार वा प्रशारण सेवा प्रदायकले आपसी सहमतिमा पूर्वाधारको सहप्रयोग गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम सहमति गर्दा आदेश, यस निर्देशिका वा आदेश बमोजिम जारी भएका निर्देशन वा शर्त मापदण्डको अधिनमा रही आपसमा सहप्रयोग सम्बन्धी सम्झौता गर्नु पर्नेछ ।

(३) सम्झौताको ढाँचा उपसमितितिले तोकेकोमा सोही बमोजिम र नतोकेकोमा प्रचलित ढाँचा वमोजिम हुनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम भएको सम्झौताको जानकारी सम्झौता गर्ने सबै पक्षले सम्झौता भएको पन्ध्र दिनभित्र प्राधिकरण मार्फत उपसमितिलाई दिनु पर्नेछ ।

१०. **मन्त्रालय वा प्राधिकरणले सहप्रयोगको आदेश दिने:** (१) दफा ९ बमोजिम पूर्वाधार सहप्रयोग सम्बन्धमा सहमति हुन नसकेमा सहमति हुन नसकेको व्यहोरा खुलाई दूरसञ्चार पूर्वाधार सेवामा सहप्रयोग गर्ने भएमा प्राधिकरण समक्ष र प्रशारण पूर्वाधार प्रशारण सेवामा नै सहप्रयोग गर्ने भएमा मन्त्रालय समक्ष अनुसूची ३ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनलाई मन्त्रालय वा प्राधिकरणले उपसमिति समक्ष पेश गर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर प्रारम्भिक जाँचबुझ गरी उप समितिले उपयुक्त आदेश दिनेछ ।

**११. सहप्रयोगको मूल्य निर्धारणः** (१) पूर्वाधार सहप्रयोगको शुल्क आदेश, निर्देशिका तथा सो बमोजिम समिति वा उपसमितिबाट जारी भएको निर्देशनको अधिनमा रही सहप्रयोग गर्ने पक्षहरुको आपसी सहमतिबाट निर्धारण हुनेछ ।

(२) दफा (१) को उपदफा (३) बमोजिम उप समितिले सहप्रयोगको निर्देशन दिएकोमा १५ दिन भित्र आपसी सहमतिमा सहप्रयोग शुल्क निर्धारण हुन नसकेमा सह प्रयोग कर्ताहरुले प्रस्तावित मूल्य सहित उप समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रस्ताव उपर उप समितिबाट तय गरिएको सहप्रयोगको मूल्य अन्तिम हुनेछ ।

**१२. पूर्वाधारको सहप्रयोग गर्न अस्वीकार गर्न सक्नेः** (१) पूर्वाधार सेवा प्रदायकले क्षमता पर्याप्त नभएमा, प्राविधिक रुपमा संभावना नभएमा तथा सुविधाहरुमा अमिल्दोपना (Incompatibility of facilities) का आधारमा पूर्वाधार सहप्रयोगको निवेदन अस्वीकार गर्न सक्नेछ । त्यसरी अस्वीकार गर्ने गरी गरेको निर्णयको जानकारी कारण सहित लिखित रुपमा दिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम अस्वीकार गरिएको अवस्थामा पूर्वाधार प्रयोग गर्न चाहने व्यक्तिलाई चित्त नवुझेमा दूरसञ्चार पूर्वाधार सेवामा सहप्रयोग गर्ने भएमा प्राधिकरण समक्ष र प्रशारण पूर्वाधार प्रशारण सेवामा नै सहप्रयोग गर्ने भएमा मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) वमोजिम निवेदन प्राप्त भएमा मन्त्रालय वा प्राधिकरणले जाँचबुझ गरी उपसमिति समक्ष पेश गर्नेछ । उप समितिले देहायको कार्य गर्न सक्नेछ ।

(क) अस्वीकार गर्ने गरी गरेको निर्णयमा पूनर्विचारका लागि सम्बन्धित सेवा प्रदायक लाई निर्देशन दिने वा

(ख) पक्षहरुका लागि पूर्वाधार सहप्रयोग व्यवस्था लागू गर्न आदेश दिन वा

(ग) सहप्रयोगको प्रस्ताव अस्वीकृत गरेको मनासिव भएमा सोही वमोजिम सहप्रयोग गर्न नपर्ने गरी आदेश दिने ।

**१३. पूनः सहप्रयोग गर्न नपाइने :** कुनै पनि सेवा प्रदायकले पूर्वाधार सेवा प्रदायकवाट आफुले सहप्रयोगका लागि लिएको पूर्वाधार अन्य सेवालाई पूनः सहप्रयोग गर्न दिन पाइनेछैन ।

**१४. स्थानान्तरण तथा पुनर्विकास सम्बन्धी व्यवस्थाः** (१) कुनै पूर्वाधार सेवा कुनै मनासिब कारणले स्थानान्तरण गर्नु परेमा पूर्वाधार सहप्रयोगकर्तालाई मर्का नपर्ने गरी आपसी सहमतिमा स्थानान्तरण गर्नुपर्नेछ ।

(२) सहप्रयोग भएको पूर्वाधारको स्थानान्तरण तथा पूनर्विकास सम्बन्धी व्यवस्था सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

(३) अत्यावश्यक बाहेक अन्य अवस्थामा साठी दिनको लिखित सूचना दिएर मात्र कुनै पूर्वाधार परिवर्तन वा प्रतिस्थापन गर्न सकिनेछ ।

१५. **सम्झौताको अन्त्य:** (१) सम्झौताको अन्त्य सम्झौतामा लेखिए बमोजिम हुनेछ । सम्झौतामा नलेखिएकोमा अवस्थामा सम्झौताको कुनै एक पक्षले अर्को पक्षलाई छ महिनाको पूर्व सूचना दिई सम्झौता अन्त्य गर्न सक्नेछ ।

(२) पूर्वाधारको स्वामित्व भएको सेवा प्रदायकले एउटा सह-प्रयोगकर्तासँग सम्झौताको अन्त्य गरी सोही पूर्वाधार सोही किसिमको सेवामा अर्को सेवा प्रदायकलाई सहप्रयोग गर्न दिने गरी सम्झौता गर्न पाउनेछैन ।

१६. **विवाद समाधान सम्बन्धी व्यवस्था:** (१) पूर्वाधारको स्वामित्व भएको सेवा प्रदायक र सोहि पूर्वाधार सहप्रयोगकर्ताका बीच कुनै विवाद उत्पन्न भई आपसमा त्यस्तो विवाद समाधान गर्न पक्षहरु असमर्थ भएमा उपसमितिलाई कुनै पनि पक्षको अनुरोधमा विवाद समाधानका लागि आवश्यक कार्य गर्ने र पक्षहरुसँग आवश्यक छलफल गरी पूर्वाधारको सहप्रयोग सम्वन्धी व्यवस्था लागू गर्ने गराउने अधिकार हुनेछ ।

(२) उप समितिले विवाद समाधान सम्बन्धी प्रचलित कानून बमोजिम विवादको समाधान गर्नेछ

(३) उपदफा (२) बमोजिम उपसमितिले गरेको निर्णय अन्तिम र वाध्यकारी हुनेछ । यस्तो निर्णयको जानकारी पक्षहरुलाई दिई प्राधिकरणको वेभसाइटमा प्रकाशित गरिनेछ ।

१७. **विशेष ठाउँ (Critical Site) सम्बन्धी व्यवस्था:** (१) समितिले सम्बन्धित निकाय तथा सेवा प्रदायकहरुको परामर्शमा पूर्वाधार विकासका दृष्टिले विशेष ठाउँ पहिचान गरी सो को सार्वजनिक सूचना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका विशेष ठाउँहरुमा समितिले तोकेको पूर्वाधारको सहप्रयोग अनिवार्य हुनेछ ।

(३) विशेष ठाउँमा पूर्वाधार सहप्रयोग सम्बन्धमा समितिले छुट्टै मापदण्ड बनाई जारी गर्नेछ ।

१८. **आदेश, कार्यविधि तथा निर्देशिका पालन गर्नुपर्ने:** प्रचलित कानून बमोजिम दूरसञ्चार वा प्रशारण सेवा बाहेक अन्य कुनै सेवा संचालन गर्न अनुमति प्राप्त अन्य कुनै सेवा प्रदायकले आफ्नो पूर्वाधार दूरसञ्चार वा प्रशारण क्षेत्रमा सहप्रयोग गर्ने भएमा त्यस्तो सेवा प्रदायकले आदेश तथा सो आदेश अन्तर्गत जारी भएका कार्यविधि, निर्देशिका तथा समिति,उपसमितिका निर्णय पालन गर्नुपर्नेछ ।

१९. **यो निर्देशिका २०७३ वैशाख १ गते देखि लागू हुनेछ ।**

## अनुसुची १

## दूरसञ्चार पूर्वाधार निर्माणको लागि दिइने निवेदनको ढाँचा

(दफा ८ को उपदफा (१) संग सम्बन्धित )

श्री नेपाल दूरसञ्चार प्राधिकरण

.....................................................

देहायको पूर्वाधार निर्माणको लागि निम्न विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

१. **निवेदक सम्बन्धी विवरणः**

(क) नाम,थरः

(ख) ठेगानाः

(ग) टेलिफोनः

(ङ) इमेलः

(च) सम्पर्क गर्ने व्यक्तिको,

(१) नाम,थर :

(२) ठेगानाः

(३) टेलिफोन :

(४) इमेल :

२. **निवेदकले प्राप्त गरेको सेवा संचालन अनुमति पत्र सम्बन्धी विवरणः**

(क) अनुमतिपत्रको किसिमः

(ख) अनुमति पत्र संख्याः

(ग) अनुमतिपत्र बहाल रहने अवधिः

(घ) अनुमतिपत्र प्रदान गर्ने निकाय/संस्थाः

(ङ) अनुमतिपत्र बमोजिम सञ्चालन गर्न पाउने सेवाः

३. **पूर्वाधार सम्बन्धी विवरणः**

(क) पूर्वाधारको किसिमः

(ख) पूर्वाधारको प्रयोगः

(ग) प्रस्तावित लगानी रकमः

(घ) लगानीको स्रोतः

(ङ) निर्माण शुरु गर्ने मितिः

(च) निर्माण सम्पन्न गरी सक्ने मितिः

(छ) पूर्वाधार निर्माण गर्दा वातावरणमा सारभूत रुपमा प्रतिकूल असर पर्ने/नपर्नेः

४. **पूर्वाधारको प्राविधिक विवरणः**

(क) पूर्वाधार निर्माण/खडा गर्ने स्थानः
(जिल्ला, नगरपालिका/गा.वि.स, वडा, ल्याटिच्यूड, लंगिच्यूड सहित)

(ख) पूर्वाधारका लागि प्रयोग हुने मुख्य सामाग्रीहरु/उपकरणहरुः

(ग) उपकरण आयात हुने देश:

(घ) पूर्वाधारको गुणस्तर:

(ङ) पूर्वाधारको मापदण्ड:

(च) रेडियो फ्रिक्वेन्सी प्रयोग हुने पूर्वाधार भए सो को विवरण:

(छ) पूर्वाधारको मर्मत संचालन सम्बन्धी कार्ययोजना:
(विद्युत आपुर्तिको व्यवस्था (Backup को व्यवस्था सहित)

(ज) अन्य आवश्यक प्राविधिक विवरण:

५. **निवेदकले निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरुः**

(क) स्वीकृति लिन चाहने व्यक्ति भए नागरिकताको प्रतिलिपि

(ख) स्वीकृति लिन चाहने व्यक्ति संगठित संस्था भए सो संस्थाको नाम र सो संस्थाको कानूनी स्थिति देखिने कागजात

(ग) निवेदकले सेवा संचालनको लागि प्राप्त गरेको अनुमति पत्रको प्रतिलिपी

(घ) प्राविधिक निपूणता तथा पेशा सम्बन्धी दक्षता सम्बन्धी कागजात

(ङ) पूर्वाधार खडा गर्ने स्थानमा जग्गा वा घरको सहमति वा स्वीकृती लिनु पर्ने भए त्यस्तो सहमति वा स्वीकृति

(च) सामुहिक रुपमा निर्माणका गर्ने भएमा साझेदारहरु बीच गरेको सम्झौता

(छ) पूर्वाधार निर्माण गर्दा सारभूत रुपमा वातावरणमा प्रतिकूल नपर्ने आधार सहितको कागजात

(ज) रेडियो उपकरण संचालन गर्ने हकमा जनस्वास्थमा प्रतिकुल असर नपर्ने गरी सम्बन्धित निकायले तोकेको मापदण्ड पूरा गर्ने प्रतिवद्धता

(झ) प्रचलित कानुन बमोजिम कुनै स्वीकृति आवश्यक पर्ने भए त्यस्तो स्वीकृति

सेवा संचालन तथा पूर्वाधार निर्माण गर्दा नेपाल सरकार, प्राधिकरण लगायत सरोकारवाला निकायवाट प्रचलित कानून वमोजिम तोकिएको शर्त वन्देजको पूर्ण अधिनमा रहि कार्य गर्नेछु । उपरोक्त वमोजिम पेश गरेका विवरण एवं कागजात सत्य साँचो हो । कथम कदाचित झुठ ठहरिएमा प्रचलित कानून वमोजिम दण्ड सजायको भागीदार हुन मन्जुर छु ।

आधिकारिक व्यक्तिको हस्ताक्षर:
नाम:
पद:
संगठित संस्था भए सो संस्थाको छाप:
मिति:

## अनुसूची २

## दूरसञ्चार पूर्वाधार निर्माण लागि दिइने स्वीकृतिको ढाँचा

(दफा ८ को उपदफा (४) संग सम्बन्धित)

श्री ......................

............................।

तपाईले मिति.........मा दूरसञ्चार पूर्वाधार निर्माण लागि दिनुभएको निवेदन उपर कारवाही हुँदा तपसिल वमोजिमका शर्त बन्देजको अधिनमा रही देहायको दूरसञ्चार पूर्वाधार निर्माण गर्न उपसमितिको मिति ............. को निर्णयानुसार यो स्वीकृती प्रदान गरिएको छ ।

**तपसिल**

१. स्वीकृति पाउने व्यक्तिको :-
   (क) नाम :
   (ख) ठेगाना :
   स्थायी :
   अस्थायी :

२. स्वीकृति दिइएको दूरसंचारको पूर्वाधारको विवरण:

३. पूर्वाधार निर्माण सम्वन्धमा :
   (क) काम संचालन गर्नु पर्ने मिति :
   (ख) काम सम्पन्न गर्नु पर्ने मिति :

४. पूर्वाधार प्रणालीको :-
   (क) निर्माता :
   (ख) आयात गरिने मुलुक :
   (ग) गुणस्तर :

५. फ्रिक्वेन्सी प्रयोग गर्ने हकमा प्रयोग गर्न चाहेको फ्रिक्वेन्सी :

६. पूर्वाधार सहप्रयोग गर्ने हकमा सो गराउने मिति :

७. फ्रिक्वेन्सी प्रयोग गरे वापत बुझाउनु पर्ने वार्षिक दस्तुर :

८. पूर्वाधार निर्माण गरिने क्षेत्र :
   (क) जिल्ला : (ख) गा.वि.स./न.पा. (ग) वडा नं.

१०. स्वीकृति वहाल रहने अवधिः

११. नेपाल सरकारको प्रचलित कानून तथा समिति उपसमिति तथा प्राधिकरणको आदेश निर्देशनको पालना गर्नु यस स्वीकृतिको अभिन्न अंग हुनेछ ।

१२. दूरसंचार सेवाको लागि प्राप्त गरेको अनुमतिपत्र कुनै पनि कारण वहाल नरहेमा स्वीकृति स्वतः रद्ध हुनेछ ।

कार्यालयको छापः

स्वीकृतिपत्र दिने अधिकारीकोः
हस्ताक्षर :
नाम :
पद :

**अनुसुची ३**

**पूर्वाधार सहप्रयोगका लागि दिइने निवेदनको ढाँचा**

(दफा १० को उपदफा (१) संग सम्बन्धित)

श्री सूचना तथा सञ्चार मन्त्रालय/नेपाल दूरसञ्चार प्राधिकरण

......................................................

देहायको पूर्वाधार सहप्रयोगको लागि निम्न विवरणहरु खुलाई यो निवेदन गरेको छु।

१. **निवेदक सम्बन्धी विवरणः**

(क) नाम,थरः

(ख) ठेगानाः

(ग) टेलिफोनः

(ङ) इमेलः

(च) सम्पर्क गर्ने व्यक्तिको,

(१) नाम,थर :

(२) ठेगानाः

(३) टेलिफोन :

(४) इमेल :

२. **निवेदकले प्राप्त गरेको सेवा संचालन अनुमति पत्र सम्बन्धी विवरणः**

(क) अनुमतिपत्रको किसिमः

(ख) अनुमति पत्र संख्याः

(ग) अनुमतिपत्र बहाल रहने अवधिः

(घ) अनुमतिपत्र प्रदान गर्ने निकाय/संस्थाः

(ङ) अनुमतिपत्र बमोजिम सञ्चालन गर्न पाउने सेवाः

३. **सहप्रयोग सम्बन्धमा भएको काम कारबाही सम्बन्धी विवरणः**

(ग) पूर्वाधार धनी वा अधिकारप्राप्त व्यक्तिः

(घ) पूर्वाधार प्रयोगको हालको अवस्थाः

(ङ) सहप्रयोगको लागि पूर्वाधार धनीसँग कुनै अनुरोध गरेको भए सो को विवरणः

(च) पूर्वाधारधनी वा अधिकारप्राप्त व्यक्तिसँग सहमति भएका र नभएका विषयहरुः

४. **पूर्वाधारको विवरणः**

(क) पूर्वाधारको किसिमः

(ख) पूर्वाधारको प्रयोगः

(ख) पूर्वाधार रहेको स्थानः

(जिल्ला, नगरपालिका/गा.वि.स, वडा, ल्याटिच्यूड, लंगिच्यूड सहित)

(ग) पूर्वाधारका लागि प्रयोग भएका मुख्य सामाग्रीहरु/उपकरणहरुः

(घ) पूर्वाधारको गुणस्तरः

(ङ) पूर्वाधारको मापदण्डः

(च) रेडियो फ्रिक्वेन्सी प्रयोग हुने पूर्वाधार भए सो को विवरणः

(छ) पूर्वाधारको मर्मत संचालन सम्बन्धी कार्ययोजनाः
(विद्युत आपुर्तिको व्यवस्था (Backup को व्यवस्था सहित)

(ज) पूर्वाधार सहप्रयोग गर्ने अवधिः

(झ) अन्य आवश्यक प्राविधिक विवरणः

५. **पूर्वाधार सहप्रयोग गरे वापत बुझाउन प्रस्ताव गरेको शुल्कः**

६. **निवेदकले निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु**

(क) स्वीकृति लिन चाहने व्यक्ति भए नागरिकताको प्रतिलिपि

(ख) स्वीकृति लिन चाहने व्यक्ति संगठित संस्था भए सो संस्थाको नाम र सो संस्थाको कानूनी स्थिति देखिने कागजात

(ग) निवेदकले सेवा संचालनको लागि प्राप्त गरेको अनुमति पत्रको प्रतिलिपी

(घ) प्राविधिक निपूणता तथा पेशा सम्बन्धी दक्षता सम्बन्धी कागजात

(ङ) पूर्वाधार खडा गर्ने स्थानमा जग्गा वा घरको सहमति वा स्वीकृती लिनु पर्ने भए त्यस्तो सहमति वा स्वीकृति

(च) सामुहिक रुपमा निर्माणका गर्ने भएमा साझेदारहरु बीच गरेको सम्झौता

(छ) पूर्वाधार निर्माण गर्दा सारभूत रुपमा वातावरणमा प्रतिकूल नपर्ने आधार सहितको कागजात

(ज) रेडियो उपकरण संचालन गर्ने हकमा जनस्वास्थमा प्रतिकुल असर नपर्ने गरी सम्बन्धित निकायले तोकेको मापदण्ड पूरा गर्ने प्रतिवद्धता

(झ) प्रचलित कानून बमोजिम कुनै स्वीकृति आवश्यक पर्ने भए त्यस्तो स्वीकृति

सेवा संचालन तथा पूर्वाधार निर्माण गर्दा नेपाल सरकार, समिति उपसमिति वा प्राधिकरण लगायत सरोकारवाला निकायवाट प्रचलित कानून वमोजिम तोकिएको शर्त वन्देजको पूर्ण अधिनमा रहि कार्य गर्नेछु । उपरोक्त वमोजिम पेश गरेका विवरण एवं कागजात सत्य साँचो हो । कथम कदाचित झुठ ठहरिएमा प्रचलित कानून वमोजिम दण्ड सजायको भागीदार हुन मञ्जुर छु ।

आधिकारिक व्यक्तिको हस्ताक्षरः
नामः
पदः
संगठित संस्था भए सो संस्थाको छापः
मितिः